राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

वर्ष ८ अंक ५२ २०८३ भदौ २४ गते बुधवार (9 Sep. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

# जेनजी प्रदर्शनका प्रतिवेदन अलपत्र: दोषीमाथि कारबाहीभन्दा समिति थपिँदै

### दुई आयोगले औँल्याएका सुरक्षा कमजोरी र मानव अधिकार उल्लङ्घनमा सरकार मौन, सिफारिस कार्यान्वयनका नाममा फेरि-फेरि समिति गठन



दैनिक समाचारदाता
काठमाडौँ २३ भदौ। २०८२ भदौ २३ र २४ गते भएको जेनजी प्रदर्शनले नेपालको राजनीतिक तथा प्रशासनिक प्रणालीसँगै सुरक्षा व्यवस्थापनको गम्भीर कमजोरी उजागर गरेको एक वर्ष पुग्न लाग्दा पनि घटनाको सत्यतथ्य, दोषीको जवाफदेहिता र पीडितलाई न्याय दिने सवाल भने अझै टुङ्गोमा पुग्न सकेको छैन।

प्रदर्शनको अध्ययन र छानबिन गर्न गठित पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोग र राष्ट्रिय मानव अधिकार आयोगले छुट्टाछुट्टै अध्ययन गरी सरकारलाई प्रतिवेदन बुझाइसकेका छन्। दुवै प्रतिवेदनले सुरक्षा व्यवस्थापनमा गम्भीर त्रुटि, बल प्रयोगमा असावधानी तथा मानव अधिकार उल्लङ्घन भएको औँल्याउँदै जिम्मेवार पदाधिकारीमाथि कारबाहीको सिफारिस गरेका छन्। तर, प्रतिवेदन कार्यान्वयन गर्नुको साटो सरकारले थप अध्ययन र समितिको बाटो रोजेपछि जवाफदेहिताको प्रश्न झन् पेचिलो बनेको छ।

गृह मन्त्रालयका अनुसार भदौ २३ र २४ गतेको प्रदर्शनमा गोली लागेर देशभर ३९ जना प्रदर्शनकारीको मृत्यु भएको थियो भने आन्दोलनका क्रममा कुल ७६ जनाले ज्यान गुमाएका थिए। यति ठूलो मानवीय क्षति भएको घटनाको जिम्मेवारी निर्धारण र संस्थागत कमजोरी सुधारका लागि तयार गरिएका प्रतिवेदन कार्यान्वयनमा देखिएको ढिलाइले राज्यको जवाफदेहितामाथि नै प्रश्न उठाएको छ।

*कार्की आयोगको सिफारिस कार्यान्वयनमा सुस्तता*

गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, तत्कालीन गृहमन्त्री रमेश लेखक तथा केन्द्रीय सुरक्षा समितिका पदाधिकारीमाथि फौजदारी अनुसन्धान र मुद्दा चलाउन सिफारिस गरेको थियो। सोही सिफारिसअनुसार ओली र लेखकलाई पक्राउ गरी प्रहरीले बयानसमेत लिएको छ। तर, त्यसपछि मुद्दाको प्रक्रिया अपेक्षित रूपमा अघि बढ्न सकेको छैन।

आयोगले तत्कालीन प्रहरी महानिरीक्षक चन्द्रकुवेर खापुङ, गृह मन्त्रालयका तत्कालीन सचिव गोकर्णमणि दुवाडी, सशस्त्र प्रहरीका तत्कालीन महानिरीक्षक राजु अर्याल र राष्ट्रिय अनुसन्धान विभागका हुतराज थापामाथि हेलचेक्र्याइँ गरेको कसुरमा फौजदारी मुद्दा चलाउन सिफारिस गरेको थियो।

त्यस्तै, प्रहरीका एआईजी सिद्धिविक्रम शाह, डीआईजीद्वय ओम राना र विश्व अधिकारी तथा एसएसपीद्वय दीप शम्शेर जबरा र ऋषिराम कँडेललगायतमाथि विभागीय कारबाहीको सिफारिस गरिएको थियो। विभिन्न सुरक्षा निकायका अन्य अधिकारी तथा फिल्ड कमान्डरलाई पनि विभागीय वा सैनिक ऐनअनुसार कारबाही गर्न भनिएको छ।

तर, यी सिफारिसको समग्र कार्यान्वयन अझै हुन सकेको छैन।

कार्की आयोगले भदौ २४ गते सरकारी तथा निजी सम्पत्तिमा आगजनी र तोडफोड गर्नेहरूलाई समेत अनुसन्धान गरी कानुनी दायरामा ल्याउन भनेको थियो। आयोगका अनुसार भदौ २४ गते मात्रै १५ जिल्लामा तोडफोड भएको र करिब एक लाख ७५ हजार मानिस घटनास्थलमा देखिएका थिए। प्रदर्शनस्थलमा उपस्थित व्यक्तिको फोटो, भिडियो तथा फोन नम्बरका आधारमा अनुसन्धान गर्न सकिने आधारसमेत आयोगले दिएको थियो। तर, त्यसतर्फ पनि प्रभावकारी अनुसन्धान नभएको तत्कालीन अध्यक्ष गौरीबहादुर कार्कीको भनाइ छ।

यसको विपरीत सरकारले आन्दोलनमा सहभागीमाथि लगाइएका फौजदारी मुद्दा फिर्ताको सम्भावनाबारे अध्ययन गर्न पूर्वन्यायाधीश बाबुराम रेग्मी नेतृत्वमा अर्को समिति गठन गरेको छ। यसले घटनामा हिंसा र तोडफोडमा संलग्न व्यक्तिको अनुसन्धान गर्नुपर्ने कार्की आयोगको सिफारिस र सरकारको पछिल्लो प्राथमिकताबीचको अन्तर देखाउँछ।

***सिफारिसमाथि अर्को समिति, प्रतिवेदनमै रोक***

केन्द्रीय सुरक्षा समितिका पदाधिकारीमाथि कारबाहीको सिफारिसबारे अध्ययन गर्न सरकारले पूर्वन्यायाधीश प्रेमराज कार्कीको नेतृत्वमा अर्को समिति गठन गर्‍यो। समितिले अध्ययन पूरा गरी प्रतिवेदनसमेत तयार गरेको छ।

समितिका संयोजक प्रेमराज कार्कीका अनुसार भदौ २३ गते काठमाडौँको बानेश्वर क्षेत्रमा सुरक्षा व्यवस्थापनमा 'ल्याकिङको हद' देखिएको थियो। संसद् भवन प्रवेश गर्न खोज्ने प्रदर्शनकारीको संख्या अचानक बढेपछि सुरक्षाकर्मी आत्तिएर ठूलो मात्रामा गोली चलाएको समितिको निष्कर्ष छ।

महत्त्वपूर्ण प्रतिष्ठानको सुरक्षाका लागि कानुनले आवश्यक अवस्थामा गोली चलाउने अधिकार दिए पनि धेरै प्रदर्शनकारीको मृत्यु हुनु सुरक्षा व्यवस्थापनको कमजोरी भएको समितिको निष्कर्ष छ।

तर, समितिको म्याद असार २२ गते सकिए पनि सरकारले प्रतिवेदन बुझ्न सकेको छैन। गृहमन्त्री सुधन गुरुङले समितिको कार्यादेश थप गरी अन्य विषयमा समेत अध्ययन गराउनुपर्ने प्रस्ताव गरेपछि प्रतिवेदन बुझाउने प्रक्रिया रोकिएको गृह मन्त्रालयका एक उच्च अधिकारी बताउँछन्।

यसले एउटा गम्भीर प्रश्न जन्माएको छ–सरकारलाई प्रतिवेदन कार्यान्वयन गर्न कठिन भइरहेको हो कि प्रतिवेदन सार्वजनिक तथा कार्यान्वयन गर्ने राजनीतिक इच्छाशक्ति कमजोर भएको हो?

कार्की आयोगका तत्कालीन अध्यक्ष गौरीबहादुर कार्कीले भने सिफारिसमाथि अध्ययन गर्न अर्को समिति गठन नै आवश्यक नभएको बताएका छन्। उनका अनुसार समिति थप्दै जाने प्रवृत्तिले मूल प्रतिवेदन कार्यान्वयनबाट सरकार पन्छिन खोजेको देखिन्छ।

***मानव अधिकार आयोगको प्रतिवेदन पनि गुपचुप***

जेनजी प्रदर्शनबारे राष्ट्रिय मानव अधिकार आयोगले गरेको अध्ययनको अवस्था पनि फरक छैन। आयोगकी सदस्य लिली थापा नेतृत्वको समितिले तयार पारेको विस्तृत प्रतिवेदन अध्यक्षलाई बुझाइसकेको छ। आयोगले कार्यान्वयनका लागि सरकारलाई सिफारिससमेत गरेको छ। तर, विस्तृत प्रतिवेदन सार्वजनिक गरिएको छैन।

आयोगले सार्वजनिक गरेको २९ पृष्ठको संक्षिप्त प्रतिवेदनमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, तत्कालीन गृहमन्त्री रमेश लेखक र तत्कालीन मन्त्री पृथ्वी सुब्बा गुरुङलाई मानव अधिकार उल्लङ्घनकर्ता ठहर गरिएको छ।

आयोगले सुरक्षा निकायका प्रमुख तथा फिल्ड कमान्डरमाथि समेत विभागीय कारबाहीको सिफारिस गरेको छ। तर, सरकारबाट अपेक्षित कार्यान्वयन नभएको आयोगको भनाइ छ।

आयोगकी सदस्य थापाका अनुसार कार्यान्वयनका लागि सरकारलाई सिफारिस गरेको तीन महिना बितिसकेको छ। अब पुनः पत्र पठाएर सरकारको ध्यानाकर्षण गराउने तयारी आयोगले गरेको छ।

***सुरक्षा सामग्रीकै अभाव***

दुवै प्रतिवेदनको अर्को महत्वपूर्ण पक्ष सुरक्षा निकायसँग भिड नियन्त्रणका लागि आवश्यक आधारभूत सामग्रीको अभाव हो। हेलमेट, लाठी, फेसशील्ड, बडी आर्मर, घुँडाको गार्ड, टियर ग्यास, रबरको गोली, वाटर क्यानन र पेपर स्प्रे लगायतका सामग्री पर्याप्त नभएको प्रतिवेदनले औँल्याएका छन्। यसले जेनजी प्रदर्शनका क्रममा भएको मानवीय क्षति केवल व्यक्तिगत निर्णयको परिणाम नभई सुरक्षा व्यवस्थापनको संस्थागत कमजोरीसँग पनि जोडिएको देखाउँछ।

बाँकी पृष्ठ ४मा

## जेनजी आन्दोलनको एक वर्ष : सप्तरीमा भग्न सरकारी संरचना, पुनर्निर्माण अझै अनिश्चित

### ७५ करोडभन्दा बढीको सरकारी क्षति, राजविराज नगरपालिका अझै भाडाका सटरबाट सञ्चालन; पुनर्निर्माणका लागि संघ र प्रदेशबाट सहयोग नपाएको गुनासो

दैनिकसमाचारदाता
सप्तरी, २३ भदौ। जेनजी आन्दोलन भएको एक वर्ष पूरा भएको छ। तर, आन्दोलनका क्रममा क्षतविक्षत भएका सप्तरीका सरकारी कार्यालयका भवनले भने अझै पुरानै अवस्थाबाट मुक्ति पाउन सकेका छैनन्। कतै भवनका झ्यालढोका छैनन्, कतै संरचना नै प्रयोग गर्न नसकिने अवस्थामा छन्। सामान्य क्षति भएका कार्यालयले जसोतसो काम चलाइरहेका छन् भने पूर्ण रूपमा क्षतिग्रस्त कार्यालय अस्थायी संरचनाको भरमा सेवा प्रवाह गर्न बाध्य छन्।



गत वर्ष भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा सप्तरीका सरकारी कार्यालयमा भएको तोडफोड, आगजनी र भौतिक क्षतिबाट ७५ करोड ४५ लाख दुई हजार ८३ रुपियाँ बराबरको क्षति भएको जिल्ला प्रशासन कार्यालयको तथ्याङ्क छ। आन्दोलनका क्रममा ११३ वटा चारपाङ्ग्रे र १११ वटा मोटरसाइकलसमेत नष्ट भएका थिए।

क्षतिको आकार ठूलो भए पनि त्यसको पुनर्स्थापनाको गति भने अपेक्षाकृत सुस्त देखिएको छ। आन्दोलनको एक वर्ष पुगिसक्दा समेत पूर्ण रूपमा क्षतिग्रस्त कार्यालयका भवन पुनर्निर्माण हुन नसक्दा राज्यका महत्वपूर्ण सेवा सञ्चालन हुने स्थान नै अस्थायी व्यवस्थापनमा निर्भर छन्।

आन्दोलनका क्रममा सबैभन्दा ठूलो क्षति राजविराज नगरपालिकाको कार्यालयमा भएको थियो। नगरपालिकामा मात्रै करिब ३० करोड रुपियाँ बराबरको क्षति भएको जिल्ला प्रशासन कार्यालयको तथ्याङ्क छ। त्यसैगरी जिल्ला अदालतमा सात करोड ५५ लाख, उच्च अदालत जनकपुरको राजविराज इजलासमा छ करोड ५० लाख र भौतिक पूर्वाधार विकास कार्यालयमा छ करोड २५ लाख रुपियाँ बराबरको क्षति भएको थियो।

सङ्घीय सहरी तथा भवन निर्माण आयोजना कार्यालयमा दुई करोड ४३ लाख ७५ हजार, सहरी विकास कार्यालयमा दुई करोड १५ लाख, उच्च सरकारी वकिल कार्यालयमा दुई करोड सात लाख ८४० तथा जिल्ला निर्वाचन कार्यालयमा एक करोड ४७ हजार ४९९ रुपियाँ बराबरको क्षति भएको प्रशासनको अभिलेखमा उल्लेख छ।

सहायक प्रमुख जिल्ला अधिकारी नरेशकुमार यादवका अनुसार सामान्य क्षति भएका सरकारी कार्यालय आफ्नै स्रोतसाधनबाट सञ्चालनमा आएका छन्। तर, पूर्ण रूपमा क्षतिग्रस्त कार्यालयको अवस्था भने आन्दोलनअघिकै जस्तो रहेको उहाँले बताउनुभयो।

***भाडाका सटरमा नगरपालिका***


आन्दोलनबाट सबैभन्दा ठूलो क्षति बेहोरेको राजविराज नगरपालिका अझै आफ्नै कार्यालय भवनमा फर्किन सकेको छैन। मूल संरचना प्रयोग गर्न नसकिने भएपछि नगरपालिकाले आफ्नै स्वामित्वमा रहेका भाडाका सटरमा विभिन्न शाखा तथा फाँट राखेर सेवा प्रवाह गरिरहेको छ।

नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परबिनका अनुसार क्षतिको विवरणसहित पुनर्निर्माणका लागि सङ्घ र प्रदेश सरकारसँग सहयोग मागिएको थियो। तर, अहिलेसम्म सहयोग प्राप्त हुन सकेको छैन।


"नगरपालिका पूर्ण रूपमा क्षतिग्रस्त भयो। भवनमा बस्न सकिने अवस्था छैन। अहिले नगरपालिकाले भाडामा लगाउँदै आएका सटरमा विभिन्न फाँट राखेर सेवा प्रवाह गर्दै आएका छौँ," उहाँले भन्नुभयो।

बाँकी पृष्ठ ४मा

अब अनलाइनबाट बुकिङ्को सुविधा
divyaclinicjanakpur.com




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# भान्सामा ग्यास संकट

काठमाडौँ उपत्यकामा खाना पकाउने एलपी ग्यासको अभावले सर्वसाधारणको दैनिकी कष्टकर बनेको छ। दैनिक करिब ४० हजार सिलिन्डर ग्यास आवश्यक पर्ने उपत्यकामा अहिले करिब २५ हजार सिलिन्डर मात्र आपूर्ति भइरहेको छ। माग र आपूर्तिबीचको यो ठूलो अन्तरले बजारमा अभाव मात्र सिर्जना गरेको छैन, उपभोक्तालाई घण्टौँसम्म लाइन बस्नुपर्ने र कतिपय अवस्थामा दुई-तीन दिनसम्म पनि ग्यास नपाउने अवस्था सिर्जना गरेको छ।

धादिङको कृष्णभीरमा बाढी तथा पहिरोका कारण सडक अवरुद्ध भएपछि काठमाडौँको आपूर्ति प्रणाली प्रभावित भएको हो। तर, एउटा प्रमुख सडक अवरुद्ध हुँदैमा ग्यासजस्तो अत्यावश्यक वस्तुको आपूर्ति नै प्रभावित हुने अवस्था आउनु हाम्रो आपूर्ति व्यवस्थापनको कमजोरी पनि हो। प्राकृतिक विपत्तिको सामना गर्न वैकल्पिक मार्ग र आपूर्ति संयन्त्र तयार हुनुपर्नेमा संकट आएपछि मात्र विकल्प खोज्ने प्रवृत्तिले समस्या झन् जटिल बनाएको छ।

अहिले तराईका डिपोबाट साना सवारीसाधनमार्फत वैकल्पिक मार्ग प्रयोग गरी ग्यास ल्याउने प्रयास भइरहेको छ। यसबाट केही राहत मिले पनि मागअनुसार आपूर्ति हुन सकेको छैन। देशभरका अधिकांश ग्यास उद्योग पूर्ण क्षमतामा सञ्चालन हुन नसक्नुले पनि संकट तत्काल समाधान हुने अवस्था देखिँदैन। सडक खुलेपछि रोकिएका ग्यास बुलेट उद्योगसम्म पुग्ने, रिफिलिङ हुने र त्यसपछि बजारमा वितरण हुने भएकाले सडक खुलेको भोलिपल्टै अभाव अन्त्य हुने अपेक्षा गर्नु पनि व्यवहारिक हुँदैन।

अझ चिन्ताजनक पक्ष त अभावकै बीच उपभोक्तामाथि थप आर्थिक भार थोपरिनु हो। वैकल्पिक ढुवानीका कारण अतिरिक्त लागत बढेको भन्दै प्रतिसिलिन्डर १०५ रुपैयाँभन्दा बढी शुल्क थपिएको छ। अतिरिक्त ढुवानी खर्च वास्तविक भए पनि त्यसको भारको उचित व्यवस्थापन गर्नुपर्छ। संकटको सम्पूर्ण आर्थिक बोझ उपभोक्तामाथि थोपर्नु न्यायोचित हुँदैन।

त्यसैगरी, ग्यास वितरणमा देखिएको बेथिति तत्काल नियन्त्रण गर्नुपर्छ। डिलरले कृत्रिम अभाव सिर्जना गर्ने, आफ्ना मानिसलाई लाइनमा राख्ने वा पहुँचका आधारमा वितरण गर्ने प्रवृत्तिले वास्तविक उपभोक्ता झन् मारमा पर्छन्। संकटका बेला कालोबजारी र कृत्रिम अभाव नियन्त्रण गर्न प्रभावकारी बजार अनुगमन आवश्यक छ।

सरकारको पहिलो प्राथमिकता कृष्णभीरको सडक यथाशीघ्र सञ्चालनमा ल्याउनु हुनुपर्छ। त्यससँगै वैकल्पिक मार्गबाट आपूर्ति बढाउने, ग्यासको समानुपातिक वितरण सुनिश्चित गर्ने र मूल्यमा मनोमानी हुन नदिने व्यवस्था गर्नुपर्छ।

आज ग्यासको संकट छ, भोलि खाद्यान्न वा पेट्रोलियम पदार्थको संकट नआउला भन्न सकिँदैन। त्यसैले तत्कालीन समस्या समाधानसँगै दीर्घकालीन वैकल्पिक आपूर्ति मार्ग, पर्याप्त भण्डारण र आपत्कालीन वितरण प्रणाली विकास गर्नु आवश्यक छ। नागरिकलाई लाइनमा उभ्याएर होइन, प्रभावकारी व्यवस्थापनमार्फत राहत दिनु नै सरकारको दायित्व हो।

# सहायता बाँड्ने रहर



अर्जुनमोहन भट्टराई

सन् २००० देखि सन् २०१७ सम्म दूरदराजका क्षेत्रमा काम गर्ने अवसर पाउँदा सोही सन्दर्भमा भूकम्पपीडित सहायता बाँड्ने मौका मिल्यो । धादिङ, सिन्धुपाल्चोक, दोलखा, ललितपुर, भक्तपुर र काठमाडौँमा पाल, जस्तापाता, खाद्यान्न, ओढ्नेओछ्याउने, नुनतेलसमेत वितरण गरियो । यहाँ यो विषय भोटेकोसीको बाढीका सहायता प्रसङ्गसँग पनि जोड्न सकिन्छ ।

सहायता वितरण गर्न जाने अवसर जागिरले जुराएको हो स्वयं दाता भएर होइन । अहिले मानिसहरू सहायता बाँड्न नपाएर आहत भएजस्तो पनि देखिन्छ । सहायता बाँड्दा सधैँ टाठाबाठा र हुनेखानेले पाउने तर वास्तविक पीडितले नपाउने अवस्था मैले आफैँ भोगेको छु । कतिपय अवस्थामा सहरबाट सहायता बाँड्न र फोटो खिच्न पुगेका दाताहरू हतारमा हुन्छन् । उनीहरू सहायता एउटा घर अथवा नाम चलेका व्यक्तिलाई हस्तान्तरण गरेर, ब्यानर राखेर फोटो खिची फर्कन्छन् । उनीहरूलाई सहायता दिएजस्तो लाग्छ तर वास्तविक पीडितको हातसम्म पुग्दैन ।

हामीकहाँ निकायहरू त छन् तर तिनको विश्वास घटेको छ । सहायता दाता न सरकारलाई पत्याउँछन् न त स्थानीय तहलाई नै । एकातिर आफ्नै निकायको मानमर्दन भएको छ भने अर्कातिर दाताहरूले हैरान बेहोर्नुपरेको छ ।

पीडाको समयमा स्थानीय निकायलाई कमजोर बनाउनु उचित नहोला तर स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारी अलि बढी जिम्मेवार भइदिए सहायता वितरण सहज हुन्थ्यो र वास्तविक पीडितले सहायता पाउँथे ।

पीडितहरूमा पनि नक्कली र सक्कली दुवै थरी छन् । तिनको पहिचान गर्न र छुट्याउन धौ धौ हुन्छ । यस्तो बेला स्थानीयले सहयोग गर्नुपर्ने हो तर राजनीतिक दलको लेबल लागेका प्रतिनिधिहरू पनि निष्पक्ष हुँदैनन् । जसलाई जिम्मेवारी सुम्पियो उही धनी बन्ने स्थिति छ । यद्यपि, सबै त्यस्ता पक्कै छैनन् ।

मलाई विदेशबाट पनि आफन्त तथा साथीभाइले सोधे– "सहायताका लागि के गर्न सकिन्छ?" मेरो सीधा जवाफ हुन्थ्यो - "प्रधानमन्त्री दैवी प्रकोप सहायता कोषको खातामा जम्मा गर्दा उचित हुन्छ ।" तर सहायता नगदमात्र हुँदैन । जिन्सी सामान भए के गर्ने ? त्यो त क्युआर गरेर पठाउन मिल्दैन । धेरै मानिसहरू लुगा, खाद्यान्न, अत्यावश्यक बन्दोबस्तीका सामान र औषधि दिन चाहन्छन् । त्यतिबेला भने अन्योल र हैरानी हुन्छ ।

जसलाई दियो उसैले केही आफूले राखेर बाँकीमात्र अरूलाई दिने गरेको देखिन्छ । हाम्रो संस्कारमा केही सुधार गर्नुपर्नेछ । हरेक मानिसमा हुने कमजोरी हामीमा पनि छ ।

घर वरपर सानातिना जिपहरूमा सहायता सामग्री बोकेका गाडीहरू देखिन्छन् जो सम्भवतः बाढी प्रभावित क्षेत्रतर्फ जाने तयारीमा हुन्छन् । यसरी प्रभावित क्षेत्रतर्फ जाँदै गर्दा बाटोमै सहायता सामग्री हराउने पनि गर्छ । यसको समाधानका लागि प्रहरी चौकीमा कुन सामान, कसले, कसको लागि र कहाँ लैजाँदैछ भन्ने विवरण दर्ता गराउनु जरूरी छ । नत्र कतै दोहोरिएर तेहोरिएर सहायता पुग्छ भने कतै शून्यको अवस्था हुन्छ । भूकम्पका बेला कसैले पालमा बीसकुन (अन्न) सुकाए, गोठ बनाए भने कोही खुला आकाशमुनि सुते । सही अनुगमन भएन । यसपालि पनि त्यस्तै अवस्था होला कि भन्ने डर छ । यसमा सचेत हुन आवश्यक छ । साथै, 'हेल्थ क्याम्प' को नाममा जथाभावी एन्टिबायोटिक बाँड्ने र सेवन गर्ने अवस्था अर्को जोखिम हो । हामीकहाँ जो पनि डाक्टर बन्न खोज्छन् । सबै नागरिक सहायता दिन आतुर छन् तर उनीहरूसँग लाखौं रुपैयाँ हुँदैन ।

सानोतिनो दिँदा समाजले हेप्छ । त्यसैले बरु जिन्सी वा खाद्यान्न दिन चाहन्छन् । गाउँ गाउँबाट सहयोग उठाएर पीडित रहेको स्थानसम्म पुऱ्याउने व्यवस्थित संयन्त्र भए सहज हुन्थ्यो होला । अर्कातर्फ जिन्सी सामानमा काम नलाग्ने, म्याद गुज्रेका वा कुहिएका सामग्री बाँड्नेजस्ता काम पनि हुन्छन् यसबाट राज्य सतर्क हुनुपर्छ । सहायतामा औषधि, स्वास्थ्यसम्बन्धी सामग्री, घर/टहरा बनाउने सामान र खाद्यान्न आदि पर्छन् । औषधि वितरणमा विशेष ध्यान दिनुपर्छ । साथै खाद्यान्न पनि उपभोगका लागि उपयुक्त हुनुपर्छ । सहायता वितरणमा बालबालिका, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति, महिला, अनाथ, बिरामी, सुत्केरी र घाइतेलाई प्राथमिकतामा राख्नुपर्छ । उनीहरूलाई दिइएको सहायता सामग्री थन्क्याउन वा सुरक्षित राख्न उनीहरूकै भरपर्दो मानिस भेट्टाउन गाह्रो छ । जसले राख्यो उसैले हिनामिना गर्ने अवस्था पनि छ ।

सहायता बाँड्न जानेहरूले सम्भव भएमा कुनै स्थानमा तातो, मीठो र मसिनो खाना पकाएर खुवाउने (भोजभतेर/लङ्गर) गरेमा तत्काल पीडितको पेट भरिन्छ । त्यस्तो सहयोगको पनि ठूलो अर्थ रहन्छ । कतिपय स्थानमा खानेपानीको अभाव हुन्छ, त्यहाँ शुद्ध पिउने पानीमात्र उपलब्ध गराउन सके पनि ठूलो कल्याण हुन्छ । कतै जाडो त कतै लामखुट्टेको जोखिम हुन्छ । त्यसैले झुल दिन सके अझ राम्रो हुन्छ । सहायता सामग्री बाँड्दा फिल्डमा खटिएका कार्यकर्ता वा स्वयंसेवकहरूसँग तथ्याङ्क लिएर, आवश्यकता पहिचान गरी सोही अनुरूपसहायता बाँड्दा बढी लाभदायक हुन्छ ।

जहाँ चाहिन्छ त्यहाँ पुग्दैन, नचाहिने ठाउँमा दोहोरिएर तेहोरिएर सहायता पुगेको हुन्छ । सदरमुकाम वा गाडीको पहुँच भए त्यहाँ अत्यधिक सहायता पुग्छ भने त्योभन्दा दुईचार घन्टा पर सहायता नै नपुगेको हुनसक्छ । यसमा स्थानीयलाई साथमा लिएर वा स्वयंसेवक बनाएर जाँदा व्यावहारिक हुन्छ ।

सहायता भन्नेबित्तिकै हामीमा कपडा र खाद्यान्नमात्र ठान्ने भ्रम छ । तर त्यतिमात्र होइन घटना र प्रकोपको प्रकृति, स्वरूप र परिस्थिति हेरेरमात्र आवश्यक सहायताको यकिन गर्न सकिन्छ । कतिपय अवस्थामा प्रभावित मानिसहरूलाई अस्पताल ल्याउन र तत्काल उपचारको व्यवस्था गर्न आवश्यक हुन्छ । त्यसका लागि हेलिकप्टर, एम्बुलेन्स, अक्सिजन आदिको आवश्यकता पर्छ । कतै पानीजन्य रोगबाट पीडित भएका ठाउँमा जीवनजल र प्राथमिक उपचारका सामग्रीहरू अत्यावश्यक हुन्छन् ।

त्यसैले सहायतामा समन्वय गरौं, वास्तविक पात्रलाई उपलब्ध गराऔं । "एक हातले दिएको अर्को हातले थाहा नपाओस्" भन्ने भनाइलाई आत्मसात् गर्दै प्रचारबाजीभन्दा सहायतालाई प्रभावकारी बनाउनेतर्फ सहयोग गरौं ।

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दु:ख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# रुस र उत्तर कोरियालाई सडकबाट जोड्ने पहिलो पुल अब सञ्चालनमा




रुस र उत्तर कोरियालाई सडकमार्गबाट जोड्ने गरी बनाइएको पहिलो पुल सञ्चालनमा आएको छ। उक्त पुलका कारण टूमन नदी तर्न अनि मालसामान ओसार्न अझ सहज हुने ठानिएको छ।

उत्तर कोरियाली सरकारी सञ्चारमाध्यमले यो पुल "जनशक्ति आदानप्रदान, पर्यटन र व्यापार" का लागि प्रयोग गरिने जनाएको छ।

तर युक्रेनी ओपन सोर्स इन्टेलिजन्स समूह 'टूथ हाउन्ड्स'ले उक्त पुल युक्रेन युद्धमा रुसलाई सघाउन "मूलतः सैन्य बन्दोबस्तीका सामान ओसार्ने गुप्त मार्ग" बनाउने उद्देश्यले निर्माण गरिएको जनाएको छ।

युक्रेन युद्ध सुरु भएयता उत्तर कोरिया र रुसबीच सम्बन्ध गहिरिँदै गएको बेला उक्त पुल निर्माण भएको हो। यसअघि रुसका राष्ट्रपति भ्लादिमिर पुटिन र उत्तर कोरियाका सर्वोच्च नेता किम जङ अनले कुनै एक देशविरुद्ध "आक्रमण" भएमा एकअर्कालाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए।

रुसका प्रधानमन्त्री मिखाइल मिशुस्तिनले नवनिर्मित पुललाई "मित्रताको नयाँ प्रतीक" भनेका छन्। उत्तर कोरियाका प्रधानमन्त्री पाक टे-सङले पुल निर्माण र सञ्चालनलाई "ऐतिहासिक घटना"को सङ्ज्ञा दिएका छन्।



***अहिले मालसामान ढुवानीका लागि प्रयोग गरिने***

रुसी सरकारी समाचारसंस्था टासका अनुसार दैनिक ३०० वटा सवारीसाधन र २,३०० जनाभन्दा केही बढी मानिसले यो पुल तरेर वारपार गर्न सक्ने छन्।

गत मे महिनामा बीबीसीले सार्वजनिक गरेका स्याटलाइट तस्बिरमा झन्डै एक किलोमिटर लामो उक्त पुलसँगै नयाँ पहुँचमार्गहरू, एउटा सीमा जाँचचौकी, अन्य भौतिक संरचनाहरू र पार्किङस्थलहरू देखिन्थे। दुई देशबीच हवाई र रेल सेवा पहिलेदेखि सञ्चालनमा थिए। समाचारसंस्था रोएटर्सका अनुसार यसअघि प्रयोग गरिँदै आएको एकमात्र सडकमार्ग कामचलाउ अवस्थामा मात्र थियो। उक्त सडकमा गाडी चलाउन रेलको पुलमा फल्याकहरू राखिएको थियो।रोएटर्सका अनुसार रुस सरकारले सुरुमा यो पुल मालसामान ढुवानीका लागि प्रयोग गरिने र यसै वर्षपछि यात्रु आवागमनका लागि खुला गरिने जनाएको छ।

***रुसतिर हतियार जान सक्ने सम्भावना***

पुलको उद्घाटन समारोहमा भिडियोमार्फत् सहभागी भएका मिशुस्तिनले मस्को र प्योङ्याङबीचको सम्बन्ध "अभूतपूर्व उच्चस्तरमा" पुगेको टिप्पणी गरे।

उनले पुलले "व्यापार, आर्थिक, वैज्ञानिक, प्राविधिक र सांस्कृतिक सहकार्यको थप विकासका लागि शक्तिशाली गति प्रदान गर्ने" धारणा व्यक्त गरे।

यो पुल सञ्चालनमा आपएपछि तत्कालै रुसतर्फ हतियार निर्यात बढ्न सक्छ।

दक्षिण कोरियाको गुप्तचर निकायका अनुसन्धानकर्ताहरूका अनुसार उत्तर कोरियाले पानीजहाजमार्फत् ७ अर्बदेखि १४ अर्ब अमेरिकी डलरसम्म मूल्यका रकेट, क्षेप्यास्त्र र तोपका गोलाहरू रुसतर्फ पठाइसकेको छ। अहिले झन्डै ११,००० उत्तर कोरियाली सैनिकहरू रुसमा युक्रेनी सेनाविरुद्ध सक्रिय रूपमा लड्दै छन्।

टूथ हाउन्ड्सले हालैको एउटा विज्ञप्तिमा सन् २०२४ मा भएको दुई देशबीचको रणनीतिक साझेदारी सन्धिलाई दृष्टिगत गर्दा यो पुल उत्तर कोरियाली सैनिकहरू, निर्माणकार्यमा काम गर्ने श्रमिकहरू र उच्च सैन्य अधिकारीलाई सीधै रुस पुऱ्याउन प्रयोग हुन सक्ने जनाएको छ।

"यसले अर्को दिशातिर रुसी प्रविधि र स्रोतसाधनको प्रवाहलाई पनि सम्भव बनाउने छ।"

***४९५ दिनमा बनेको पुल***

यो पुलको निर्माण सन् २०२५ मा सुरु भएको थियो। त्यसअघि अघिल्लो वर्ष पुटिन उत्तर कोरिया भ्रमणमा जाँदा पुल बनाउने सहमति भएको थियो।

पुटिनले २४ वर्षपछि प्योङ्याङको भ्रमण गर्दा दुई देशबीच साझेदारी सन्धि पनि भएको थियो। उक्त पुलको निर्माण सम्पन्न गर्न ४९५ दिन लाग्यो।

सन् २०२४ मा प्रवेश गर्ने अनुमति पाउन थालेपछि रुसी पर्यटकहरू उत्तर कोरियातिर जान थालेका छन्। उनीहरू राजधानी प्योङ्याङ तथा वोन्सान-काल्मा समुद्री तटमा अवस्थित पर्यटकीय क्षेत्रहरूतिर जाने गरेका छन्। तर अन्य देशका नागरिकहरूका लागि प्रवेशका लागि लागेको रोक अझै कायम छ।

यो सडकबाट हुँदै उत्तर कोरियाली श्रमिकहरू पनि रुस जाने ठानिएको छ।

दक्षिण कोरियाले गरेको एउटा अनुमानअनुसार झन्डै १०,००० उत्तर कोरियाली नागरिकहरू रुसमा निर्माणस्थल र काठ कटानी गर्ने स्थानहरूमा काम गर्दै आएका छन्।

संयुक्त राष्ट्रसङ्घले उत्तर कोरियाली श्रमिक प्रयोग गर्न प्रतिबन्ध लगाए पनि धेरैजसो मानिसहरू विद्यार्थी भिसाका आडमा रुस छिर्ने गरेका छन्। बीबीसी/नेपाली

# हुथीको आक्रमणमा ७३ जना घाइते

एजेन्सी

काठमाडौं २३ भदौ । साउदी अरब नेतृत्वको सैन्य गठबन्धनले हुथी विद्रोहीको पछिल्लो आक्रमणमा परी कम्तीमा ७३ जना घाइते भएका जनाएको छ ।

गठबन्धनले यमनमा सक्रिय टर्की अल-मल्किका अनुसार हुथीहरूले साउदी अरबका आभा, खमिस मुसैत, जिजान र नज्रान सहरका नागरिक तथा आर्थिक प्रतिष्ठानहरूमा हवाई आक्रमण गरेका हुन् । हुथीहरूले साउदी राष्ट्रिय तेल कम्पनी 'अरामको'को



इरान समर्थित हुथीले साउदी अरबका नागरिक तथा आर्थिक पूर्वाधारहरूलाई निशाना बनाएर गरेको पछिल्लो आक्रमणमा कम्तीमा ७३ जना घाइते भएका जनाएको हो । घाइते हुनेहरूमा सर्वसाधारण, महिला तथा बालबालिकासमेत रहेका छन् । बीबीसी फारसी सेवाका अनुसार गठबन्धनले हुथी विद्रोहीहरूको यो कदमलाई अत्यन्तै खतरनाक र गैरजिम्मेवार भन्दै यसको कडा र निर्णायक जवाफ दिइने जनाएको छ ।

गठबन्धनका प्रवक्ता मेजर जनरल जिजानस्थित प्रशोधन केन्द्रहरूमा क्षति पुऱ्याएको दाबी गरेका छन् । यद्यपि, अरामको कम्पनीले यस विषयमा कुनै आधिकारिक वक्तव्य जारी गरेको छैन ।

यमनको बहुसंख्यक भूभाग र उत्तरी क्षेत्रमा नियन्त्रण जमाएका हुथीहरूले गत जुलाईदेखि साउदी अरबविरुद्ध नौसैनिक नाकाबन्दीको घोषणा गरेका थिए । सोहीअनुसार, उनीहरूले लाल सागरमा साउदीसँग सम्बन्धित व्यापारिक तथा इन्धन वाहक जलपोतहरूलाई निरन्तर निशाना बनाउँदै आएका छन् ।

# चीनमा बाढीपहिरोपछि उपग्रहमार्फत हिमनदी र जोखिम क्षेत्रको निगरानी

दैनिक समाचारदाता

काठमाडौं २३ भदौ । भदौ १० ( अगस्ट २६)मा चीनको तिब्बत क्षेत्रस्थित केरुङ-रसुवागढी नाकानजिकै गएको लेदोसहितको बाढीपहिरोपछि खोज तथा उद्धार कार्य जारी छ । खोज तथा उद्धार कार्यलाई सघाउन चिनियाँ व्यावसायिक भूउपग्रहहरू परिचालन गरिएको चाइना डेलीले जनाएको छ ।

हुनान प्रान्तको चाङसास्थित व्यावसायिक एरोस्पेस कम्पनी 'स्पेसटी'ले आफ्ना तीनवटा 'सिन्थेटिक अपर्चर रेडार' भूउपग्रहहरूमार्फत जोखिम क्षेत्रको निगरानी गरिरहेको छ । केरुङ काउन्टीको शिगात्सेमा स्थापना गरिएको मुख्य उद्धार कमान्ड सेन्टरलाई निरन्तर अद्यावधिक तस्बिर तथा डेटा उपलब्ध गराइरहेको जनाएको छ । टोलीले हिमनदीको माथिल्लो तटीय क्षेत्रमा इन्टरफेरोमेट्रिक सेन्थेटिक एपर्चर राडार प्रविधि प्रयोग गरेको छ । यसले जमिनको मिलीमिटरदेखि सेन्टिमिटरस्तरको सुक्ष्म परिवर्तन ट्र्याक गरिरहेको बताइएको छ । यसले सम्भावित हिमपहिरो वा अन्य जोखिमहरूको पूर्वसूचना दिनेछ ।

भूउपग्रहले खिचेका तस्बिरहरूमार्फत लेदोले नदी थुनेर बनेका दुईवटा जोखिमपूर्ण 'ल्यान्डस्लाइड ड्याम' पत्ता लगाइएको छ । यसले तल्लो तटीय क्षेत्रमा आउन सक्ने बाढीको खतरा मूल्यांकन गर्न उद्धारकर्ताहरूलाई मद्दत पुऱ्याएको बताइएको छ ।

नेपालको केरुङ पोर्टनजिकै क्षतिग्रस्त भएको राष्ट्रिय राजमार्ग जी२१६ को बाटो सफा गर्ने, उत्खनन गर्ने र पहुँच मार्ग पुनर्स्थापना गर्ने कार्यमा उपग्रह डेटाको प्रयोग भइरहेको समाचारमा उल्लेख छ ।

'स्पेसटी'का इन्जिनियर च्याङ लिनका अनुसार, 'सिन्थेटिक अपर्चर रेडार' भूउपग्रहहरूले पृथ्वीको सीटी स्क्यानरको रूपमा काम गर्छन् ।

केरुङको जटिल पहाडी भूगोलमा बाक्लो बादल, वर्षा वा रातको समयमा पनि माइक्रोवेभ संकेतहरूमार्फत स्पष्ट र उच्च गुणस्तरका तस्बिरहरू लिन सकिने बताइएको छ ।

फरक-फरक समय र कोणबाट सो क्षेत्रमा घुमिरहेका तीनवटा 'सिन्थेटिक अपर्चर रेडार' उपग्रहहरूले निरन्तर नयाँ डेटा पठाएर उद्धार कमान्ड सेन्टरलाई वस्तुस्थिति स्पष्ट पारिरहेका बताइएको छ ।

यो अन्तरिक्ष प्रविधि र भूमिगत उद्धार टोलीबीचको एकीकृत प्रणालीले नेपाल-चीन सीमावर्ती क्षेत्रमा अगस्टको बाढी र पहिरोपछि निम्तिएको विपद् व्यवस्थापनमा महत्त्वपूर्ण भूमिका खेलिरहेको बताइएको छ ।

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com

राष्ट्रिय दैनिक
समाचार दैनिक
जनकपुर

# जेनजी आन्दोलनको एक वर्ष : युवा स्वदेशमै टिकाउन र वैदेशिक रोजगार व्यवस्थित बनाउन नीतिगत सुधार

काठमाडौँ, २३ भदौ । सुशासन, रोजगार र अवसरको खोजीसँगै युवा पुस्ताको सङ्घर्षले भएको जेनजी आन्दोलनको एक वर्ष पूरा भएको छ । स्वदेशमै रोजगारको सिर्जना गर्ने र वैदेशिक रोजगारभन्दा आन्तरिक रोजगारमा आत्मनिर्भर हुने युवा पुस्ता आकांक्षा बढ्दो छ । युवा अपेक्षाको जिम्मेवारीमा रहेको युवा, श्रम तथा रोजगार मन्त्रालयले एक वर्षमा के कति उद्देश्य हासिल गर्न सक्यो ? समीक्षा गर्ने बेला आएको छ ।

मन्त्रालयका एक वर्षे अवधिका महत्वपूर्ण कार्य सम्पादनको मूल्याङ्कन गर्दा मुख्य तीन विषयमा केन्द्रीत हुन सकिन्छ । आन्तरिक रोजगार सिर्जना गर्ने, नीतिगत एवं कानुनी सुधारमा जोड दिने र अर्को तथा अन्तिम हो सेवा प्रवाहलाई डिजीटाइजेसन गर्ने । एक वर्षमा यस मन्त्रालयमा दुई मन्त्री फेरिए । वि.सं.२०८२ चैत १३ गते प्रधानमन्त्री वालेन्द्र शाहको नेतृत्वमा गठन भएको मन्त्रिण्डलअन्तर्गत श्रम मन्त्रालयमा दीपक साह मन्त्री बन्नुभएको थियो । उहाँको कार्य अवधि करिब एक महिना पुग्दानपुग्दै रामजी यादव मन्त्री हुनुभयो ।



चैत २७ गते श्रममन्त्री यादवले आफू पदभार ग्रहण गरेसँगै मन्त्रालयलाई डिजिटाइजेसन गर्ने र आन्तरिक रोजगार कार्यक्रममा प्राथमिकता दिने बताउनुभएको थियो । यसै अनुरुप मन्त्रालयको कार्ययोजना अन्तर्गत आन्तरिक रोजगारी तथा स्वरोजगारी प्रवर्द्धनदेखि वैदेशिक रोजगार व्यवस्थापन र श्रम प्रशासनको डिजिटाइजेसनसम्मका कामलाई प्राथमिकताका साथ काम गर्दै आएको मन्त्रालयका सहायक प्रवक्ता एवं सूचना अधिकारी जगदीश पराजुलीले बताउनुभयो । उहाँले भन्नुभयो, “युवा ऐन मस्यौदा तयारी अन्तिम चरणमा रहेको, श्रम रोजगार ऐन संशोधनको प्रक्रियामा छ ।”

यसै वर्ष स्वीट्जरल्याण्डको जेनेभामा आयोजित ११४औँ अन्तर्राष्ट्रिय श्रम सङ्गठन ( आइएलओ) को अन्तर्राष्ट्रिय सम्मेलनमा मन्त्री यादवको अर्थपूर्ण उपस्थिति रह्यो । सम्बोधनले नेपालको श्रम व्यवस्था र श्रमिकको पक्षमा खास महत्व दर्साउँदै मन्त्रीले श्रम शोषण र बाध्यकारी श्रममा सरकारको ‘शून्य सहनशीलता’ (जिरो टलरेन्स) को नीति रहेको स्पष्ट पार्नुभएको थियो । यसैको सकारात्मक परिणाम स्वरुप श्रम क्षेत्रलाई थप व्यवस्थित बनाउन संसदमा ‘श्रम निरीक्षण महासन्धि १९४७’ र ‘बाध्यकारी श्रम प्रोटोकल २०१४’ अनुमोदन भइसकेको छ ।

वैदेशिक रोजगार मर्यादित र व्यवस्थित बनाउन जोड मन्त्रालयले वैदेशिक रोजगार मर्यादित व्यवस्थित बनाउन डिजिटाइजेसन शासन पद्धति अवलम्बनमा जोड दिएको छ । वैदेशिक रोजगारीमा हुने ठगी तथा अनियमितता नियन्त्रण गर्न सूचना प्रविधिमा आधारित ‘अपरेसन इलिगल एजेन्ट क्लिनअप’ वेब पोर्टल सञ्चालनमा ल्याइएको छ । ठगी गर्ने व्यक्ति, समूह तथा निकायको पहिचान, अनुसन्धान र कारबाहीलाई थप प्रभावकारी बनाउने उद्देश्यले पोर्टलमार्फत राष्ट्रिय अभियान सुरु गरिएको मन्त्रालयले जनाएको छ ।

यसै वर्ष अमेरिका-इरान युद्धको प्रभावमा वैदेशिक रोजगारमा गएका नेपाली नागरिकलेसमेत समस्या भोग्नु पर्यो । पश्चिम एशियामा देखिएको तनावका कारण ५० दिनसम्म साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स, कतार, कुवेत, बहराइन, ओमान, इराक, यमन, जोर्डन, लेबनान, टर्की र इजरायलका लागि श्रम स्वीकृति दिने कार्य स्थगित भएको थियो । त्यस अवधिमा रोकिएको श्रम स्वीकृति वैशाख ७ गतेदेखि पुनः सञ्चालनमा ल्याइएको र वैदेशिक रोजगारमा जाने कामदारलाई सहज वातावरण सिर्जना गर्ने प्रयत्न गरियो ।

त्यसैगरी मन्त्रालयले वैदेशिक रोजगार प्रणाली अर्थात ‘फरेन इम्प्लोयमेन्ट इकोसिस्टम’ को डिजिटाइजेसन तथा ‘लेबर ट्र्याकिङ’ सम्बन्धी अध्ययन प्रतिवेदन तयार गरेको छ । वैदेशिक रोजगारीमा जाने निर्णय गर्नेदेखि पूर्वप्रस्थान, रोजगारी, स्वदेश फिर्ता र पुनःएकीकरणसम्मको सम्पूर्ण आप्रवासन चक्रलाई एउटै एकीकृत डिजिटल प्रणालीमा आबद्ध गर्ने मन्त्रालयले कार्य प्रक्रिया अघि बढाएको छ । वैदेशिक रोजगारीका क्रममा हुने ठगी, प्रलोभन तथा अन्य अनियमितताका घटनालाई तत्काल सम्बोधन गर्न मन्त्रालयस्तरमा ‘एक्सन कमान्ड सेन्टर’ स्थापना गरिएको छ । सो केन्द्रमार्फत वैदेशिक रोजगारीसँग सम्बन्धित गुनासो सम्बोधन गरिएको मन्त्रालयले जनाएको छ ।आन्तरिक रोजगारी प्राथमिकतामा

मन्त्रालयले आगामी एक दशकलाई ‘आन्तरिक रोजगार प्रवर्द्धन दशक’ को रुपमा घोषणा गरेको छ । घोषणासँगै उद्देश्य पूर्ति गर्ने कार्यक्रम पनि तयार गरिरहेको मन्त्रालयको आन्तरिक रोजगार महाशाखाका प्रमुख हेमराज तामाङले बताउनुभयो । उहाँका अनुसार आन्तरिक रोजगार सिर्जना गर्न स्थानीय तहसँगको सहकार्यमा जोड दिएको सुनाउनुभयो ।

युवालाई उद्यमशील बनाउने उद्देश्यले ७५३ वटै स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रलाई थप प्रभावकारी बनाउने काम अघि बढाइएको छ । रोजगार सूचना तथा उद्यमशीलता विकासका लागि ‘उद्यमशीलता केन्द्र विकास’ सम्बन्धी कार्यविधिसमेत तयार गरिएको मन्त्रालयले जनाएको छ । रोजगार, सीप तथा उद्यमशीलता सम्बन्धी सेवा डिजिटाइजेसन गरी एकीकृतरूपमा प्रवाह गर्ने उद्देश्यले रोजगार व्यवस्थापन सूचना प्रणाली (इएमआइएस) को स्तरोन्नति गरिएको छ ।

त्यस्तै मन्त्रालयले निजी क्षेत्र र रोजगार सेवा केन्द्रबीच सहकार्य बढाउने उद्देश्यले अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ) र नेपाल उद्योग वाणिज्य महासङ्घ ( एफएनसिसिआई) को सहकार्यमा ‘स्ट्राटेजी फर प्राइभेट सेक्टर इङ्गेजमेन्ट विथ इम्प्लोयमेन्ट सर्भिस सेन्टर’ तयार गरिएको छ । यसैगरी मन्त्रालयका अनुसार देशभित्र मर्यादित श्रम, आन्तरिक रोजगारी तथा स्वरोजगारी प्रवर्द्धन, सुरक्षित र व्यवस्थित वैदेशिक रोजगार तथा सीपयुक्त जनशक्ति विकासलाई एकीकृत रूपमा अघि बढाउने नीति लिइएको छ ।

श्रममन्त्री यादवको अध्यक्षतामा आइएलओ, विश्व बैंक, एसियाली विकास बैंक ( एडिबी), अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठन (आइओएम) लगायतका प्रतिनिधिसँग हालै बसेको बैठकमा भोटेकोशी नदीमा आएको बाढीपश्चात प्रभावित क्षेत्रमा तत्काल राहत, पुनर्निर्माण तथा रोजगारीका अवसर सिर्जना गर्ने कार्य योजना बनेको मन्त्रालयले जनाएको छ । विपद प्रभावित श्रमिक, वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति तथा स्थानीय समुदायलाई लक्षित गरी द्रूत रोजगार सहायता कार्यक्रम सञ्चालन गर्ने खाका तयार पारिएको मन्त्रालयले उल्लेख गरेको छ । त्यस्तै, प्रभावित क्षेत्रको पुनर्निर्माणका लागि आवश्यक सीप विकास तालिम सञ्चालन गर्ने, प्रभावित परिवारका लागि अल्पकालीन रोजगारी सिर्जना गर्ने तथा जीविकोपार्जनलाई सुरक्षित र उत्पादनशील बनाउने विषयमा जोड दिइएको छ ।

*डिजिटाइजेसन सेवा प्रवाह*

सरकार गठनसँगै तय गरिएको प्रशासकीय सुधारको कार्ययोजनामा सुशासन र डिजिटाइजेसनलाई प्राथमिकतामा राखिएपछि मन्त्रालयले मातहतका निकायमा प्रविधिको प्रयोग विस्तार गर्दै सेवा प्रवाहलाई सरल, पारदर्शी र प्रभावकारी बनाउने काम अघि बढाएको हो । मन्त्रालयका अनुसार विगतमा पटक-पटक श्रम स्वीकृति लिनुपर्ने झन्झट हटाउँदै श्रम स्वीकृति स्वतः नवीकरण हुने व्यवस्था सुरु गरिएको छ ।

‘पासवर्ड रिसेट’ लगायतका सामान्य कामका लागि वैदेशिक रोजगार विभाग धाउनुपर्ने अवस्थाको अन्त्य गर्दै स्थानीय तहबाटै श्रम स्वीकृतिका लागि आवेदन दिन सकिने व्यवस्था मिलाइएको छ । मन्त्रालयले वैदेशिक रोजगारका नाममा ठगिएका व्यक्तिलाई उजुरी प्रणाली सहज बनाउदै ठगी न्यूनीकरण गर्न डिजिटल प्रणालीलाई चुस्त बनाउने प्रयास गरेको छ । यसै वर्ष वैदेशिक रोजगारीका नाममा हुने ठगीविरुद्ध उजुरी दिन मन्त्रालयले अनलाइन उजुरी प्रणाली सञ्चालनमा ल्याएको छ ।

वैदेशीक रोजगारको ठगीमा परेका व्यक्ति उजुरी दिनकै लागि काठमाडौँ खर्च गरेर धाउनु पर्ने सास्ती हटेको छ । आफ्नै मोबाइल र कम्पयुटरमार्फत ‘एप्स डाउनलोड’ गरेर ठगी गर्ने व्यक्तिको विवरण उजुरीमा खुलाउन सक्ने व्यवस्था गरिएको छ । त्यस्तै, मन्त्रालयले सम्पुर्ण ‘लेबर माइग्रेसन सिस्टम’ लाई विद्युतीकरण (डिजिटाइजेसन) गर्ने कामलाई उच्च प्राथमिकतामा राखेको छ । मन्त्रालयको उद्देश्य विदेश जानुअघि र विदेश गएर फर्किएपछि सम्मको सबै प्रक्रियालाई एउटै ‘इन्टिग्रेटेड इको-सिस्टम’ भित्र ल्याउनु हो ।

वैदेशिक रोजगारको डिजिटाइजेसनसम्बन्धी प्रतिवेदनमा कार्य अगाडि बढिसकेको र यसको कार्यान्वयन प्रक्रिया सुरु भइसकेको पनि मन्त्रालयले जनाएको छ । मन्त्रालयको अर्को महत्वपूर्ण काम वैदेशिक रोजगारमा परेका उजुरी तथा मुद्दा मामिला फायलहरुको डिजिटल रुपमा व्यवस्थित गर्नु हो । वि.सं.२०५७ देखिका उजुरी तथा मुद्दा मामिलाका फायलको हार्डकपीलाई क्रमिकरुपमा संक्षिप्त विवरणसहित डिजिटलप्रति तयार गरिँदै आएको मन्त्रालयले जनाएको छ । रासस

## जेनजी......

कार्की आयोगले भविष्यमा भिड नियन्त्रणका लागि दक्ष तथा अब्बल जनशक्ति परिचालन गर्न सुझाव दिएको छ । यसले बल प्रयोगलाई अन्तिम विकल्पका रूपमा सीमित गर्दै आधुनिक भिड नियन्त्रण प्रणाली विकास गर्नुपर्ने आवश्यकता औँल्याउँछ ।

***सेनाको भूमिकामाथि पनि प्रश्न***

राष्ट्रिय मानव अधिकार आयोगले प्रदर्शन नियन्त्रणका क्रममा नेपाली सेनाको भूमिकामाथि समेत प्रश्न उठाएको छ । भदौ २३ गते अवस्था हिंसात्मक बनेपछि काठमाडौँका प्रमुख जिल्ला अधिकारीले सेनाको सहयोग मागे पनि अपेक्षित सहयोग प्राप्त नभएको आयोगको निष्कर्ष छ ।

सिंहदरबार, सर्वोच्च अदालत र राष्ट्रपति भवनजस्ता संवेदनशील तथा राष्ट्रिय महत्वका प्रतिष्ठानमा तोडफोड हुँदा समेत सुरक्षा व्यवस्थापनमा कमजोरी देखिएको आयोगले जनाएको छ । भदौ २४ गते राति १० बजेदेखि सेना कुन निर्णयका आधारमा परिचालन भयो भन्ने विषयमा समेत स्पष्ट जवाफ प्राप्त नभएको प्रतिवेदनमा उल्लेख छ ।

आयोगले भविष्यमा राष्ट्रिय सम्पत्ति र नागरिकको मानव अधिकार संरक्षणलाई प्राथमिकतामा राखेर आवश्यक निर्देशन दिन सरकारलाई सुझाव दिएको छ ।

*न्यायको प्रतीक्षामा पीडित*

जेनजी प्रदर्शनका प्रतिवेदनले घटना कसरी भयो भन्ने प्रश्नको धेरै हदसम्म जवाफ दिएका छन् । सुरक्षा व्यवस्थापन कहाँ चुक्यो, कसले जिम्मेवारी निर्वाह गरेन र कहाँ मानव अधिकार उल्लङ्घन भयो भन्नेबारे समेत आयोगहरूले सिफारिस गरेका छन् ।

तर, प्रतिवेदनपछि सुरु हुनुपर्ने जवाफदेहिताको प्रक्रिया भने समिति, उपसमिति र थप कार्यादेशको चक्रमा अल्झिएको छ ।

लोकतान्त्रिक व्यवस्थामा आयोग गठन गर्नु आफैँमा उपलब्धि होइन; आयोगले दिएको निष्कर्ष र सिफारिस कार्यान्वयन हुनु नै राज्यको विश्वसनीयताको मुख्य परीक्षा हो । जेनजी प्रदर्शनमा भएको मानवीय क्षतिको न्यायिक निरूपण ढिलो हुँदै जाँदा पीडित परिवारको न्यायप्रतिको विश्वास कमजोर हुने जोखिम बढेको छ ।

त्यसैले अब सरकारले प्रतिवेदन लुकाउने, अर्को समिति बनाउने वा कार्यादेश थपेर निर्णय पन्छाउनेभन्दा प्राप्त निष्कर्षका आधारमा निष्पक्ष अनुसन्धान, दोषीमाथि कानुनी कारबाही, निर्दोषमाथि अन्याय नहुने सुनिश्चितता र भविष्यमा यस्ता घटना दोहोरिन नदिने संस्थागत सुधारलाई प्राथमिकता दिन आवश्यक देखिन्छ ।

## जेनजी आन्दोलनको..

नगरपालिकाले भने अब आफ्नै स्रोतबाट नयाँ भवन निर्माण प्रक्रिया अघि बढाउने तयारी गरेको छ । त्यसका लागि सात करोड रुपियाँ बजेट विनियोजन गरिएको कार्यवाहक नगरप्रमुख परबिनले जानकारी दिनुभयो ।

***भवन मात्रै होइन, सेवाप्रवाह पनि प्रभावित***

आन्दोलनका क्रममा भएको क्षतिलाई केवल भत्किएका भवन र जलेका सवारीसाधनको आर्थिक क्षतिका रूपमा मात्र हेर्न नहुने स्थानीयको भनाइ छ । सरकारी कार्यालयका भौतिक संरचना पुनर्निर्माण हुन नसक्दा नागरिकले पाउने सेवा, कर्मचारीको कार्यसम्पादन र सार्वजनिक संस्थाप्रतिको विश्वाससमेत प्रभावित भइरहेको उनीहरू बताउँछन् ।

विशेषगरी अदालत, सरकारी वकिलको कार्यालय, निर्वाचन कार्यालय, नगरपालिका तथा पूर्वाधारसम्बन्धी कार्यालयजस्ता संवेदनशील निकाय लामो समयसम्म अस्थायी व्यवस्थापनमा रहँदा सेवा प्रवाहमा प्रत्यक्ष असर पर्न सक्छ । राज्यका संरचना क्षतिग्रस्त भएको एक वर्ष बितिसक्दा पनि पुनर्निर्माणको ठोस गति नदेखिनु सार्वजनिक सम्पत्तिको पुनर्स्थापनाप्रतिको सरकारी प्राथमिकतामाथि प्रश्नसमेत बनेको छ ।


आन्दोलनपछि तत्कालीन क्षतिको मूल्याङ्कन भए पनि पुनर्निर्माणका लागि आवश्यक स्रोत, जिम्मेवारी र कार्ययोजना स्पष्ट रूपमा अघि बढ्न नसक्दा सप्तरीका सरकारी संरचना अझै पुनर्स्थापनाको प्रतीक्षामा छन् । यसले आन्दोलनको भौतिक क्षतिको घाउ एक वर्षपछि पनि निको हुन नसकेको देखाएको छ ।

सरकारी कार्यालयका भवन पुनर्निर्माण हुनु केवल संरचना ठड्याउने विषय होइन । नागरिकलाई सहज र प्रभावकारी सेवा उपलब्ध गराउने राज्यको आधारभूत दायित्वसँग यो प्रत्यक्ष जोडिएको विषय हो । त्यसैले क्षतिग्रस्त संरचनाको पुनर्निर्माणलाई प्राथमिकतामा राख्दै जिम्मेवार निकायले स्पष्ट समयसीमा र स्रोतसहितको योजना अघि बढाउनुपर्ने देखिन्छ ।


- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्गजैङ्ग कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३३४

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

“आजको सही निर्णय, भोलिको सफल भविष्य”

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४